# त्रिभुवन विश्वविद्यालय
## कानुन संकाय
## डीनको कार्यालय
## पाँच वर्षे बी.ए.एलएल्.बी.कार्यक्रमको प्रवेश परीक्षा सम्बन्धी सूचना ।

त्रिभुवन विश्वविद्यालय, कानून संकाय अन्तर्गतका आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरुमा सञ्चालन हुने स्नातक तहको पाँच वर्षे बी.ए.एलएल्.बी. कार्यक्रमको शैक्षिक वर्ष २०७२/०७३ को प्रथम वर्षको भर्नाका लागि लिइने प्रवेश परीक्षामा सम्मिलित हुन चाहने सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) **आवेदन फाराम वितरण र दर्ता:** २०७२ साल असौज २१ गतेदेखि २०७२ साल मंसिर १३ गते सम्म विहान ११.०० बजे देखि दिउँसो २.०० बजे भित्र ।

२) **फाराम उपलब्ध हुने स्थान:** आवेदन फाराम कानून संकाय, प्रदर्शनीमार्ग काठमाडौं, पृथ्वीनारायण क्याम्पस, पोखरा बाट प्राप्त गर्न, वा www.fol.edu.np तथा www.nlc.edu.np बाट डाउनलोड गरी (back to back print गरी) बुझाउन सकिनेछ ।

३) **फाराम बुझाउने स्थान:** कानून संकाय, प्रदर्शनीमार्ग काठमाडौं वा पृथ्वीनारायण क्याम्पस, पोखरा ।

४) **प्रवेश परीक्षा दस्तुर:** रु. १०००।- मात्र

५) **न्यूनतम शैक्षिक योग्यता:** कक्षा १२ वा सो सरहको परीक्षा उतीर्ण भएका विद्यार्थीहरुले मात्र आवेदन गर्न पाईने छ ।

६) **प्रवेश परीक्षा मिति र समय:** मिति २०७२ साल मंसिर १९ गते शनिबार ११.०० देखि २.०० बजेसम्म

७) यस पाँच वर्षे बी.ए.एल्एल्.बी.कार्यक्रममा वर्गीकृत समुहका लागि छुट्टयाईएको कोटा सहित त्रि. विका आंगिक क्याम्पसहरु नेपाल ल क्याम्पस काठमाडौंमा ३५ जनाको एक समूहका दरले दुई समूहमा जम्मा ७० जना र पृथ्वीनारायण क्याम्पस पोखरामा एक समूहमा ३५ जना तथा सम्बन्धनप्राप्त क्याम्पस नेशनल ल कलेज, पुलचोकमा ३५ जनाको एक समूहका दरले दुई समूहमा जम्मा ७० जना गरी कुल १७५ जना मात्र प्रवेश परीक्षाको पूर्णाङ्क १०० को प्राप्ताङ्कको योग्यताक्रम (Merit List) को आधारमा मात्र भर्ना लिइनेछ । प्रवेश परीक्षामा कूल पूर्णाङ्क १०० को अंकभार देहाय बमोजिम रहनेछ :

| S.N. | Nature of Questions | Marks allocated | Time | Remarks |
|---|---|---|---|---|
| 1. | Objective Questions | 30 x 1= 30 | 30 min. | MCQs |
| 2. | Subjective Questions:<br>a. Long answer question<br>b. Short answer questions | <br>1 x 20 = 20<br>4 x 10 = 40 | 2.30 hrs. | Knowledge of Law |
| 3. | Creative Writing (approximately 200 words in English) | 1 x 10 =10 | | English Language Test |

८) प्रवेश परीक्षा फाराम आफूले **प्रवेश परीक्षा दिन चाहेको परीक्षा केन्द्र, कानून संकाय, काठमाडौं वा पृथ्वीनारायण क्याम्पस, पोखरा मध्ये** कुनै एक स्थानमा बुझाउन सकिनेछ । तर, प्रवेश परिक्षा आवेदन फाराम बुझाएको केन्द्रबाट मात्र दिनु पर्नेछ ।

९) आवेदन फर्म साथ निम्नलिखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछः

क) +2, PCL वा सो सरह तह उत्तीर्ण भएको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपि एक/एक थान ।

ख) हालसालै खिचेको पासपोर्ट साइजको फोटो थान २ ।

ग) त्रि.वि. वाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट +2 वा सो सरह उतीर्ण परीक्षार्थीहरुले त्रि.वि.को समकक्षता प्रमाण-पत्र एवं सम्वन्धित विश्वविद्यालय/शिक्षण संस्थाको सक्कल माइग्रेसन प्रमाण-पत्र र सो को प्रमाणित प्रतिलिपि दुबै अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ङ) वर्गिकृत समूहका कोटा दावी गर्ने परीक्षार्थीहरुले आफू उक्त वर्गमा पर्ने कुराको प्रमाण स्वरुप सम्वन्धित आधिकारिक निकायबाट प्राप्त आधिकारिक सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

स्पष्टीकरणः **“आधिकारिक शिफारिस पत्र”** भन्नाले दलितका हकमा राष्ट्रिय दलित आयोग तथा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस, पिछडिएको क्षेत्रका हकमा सम्वन्धित जिल्लाबाट जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र, आदिवासी/जनजातीहरुको हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको शिफारिस पत्र, अपाङ्गता भएका व्यक्तिको हकमा नेपाल सरकारले तोकेको निकायले जारी गरेको परिचयपत्र, मधेशीको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र र पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ अनुसार गठित पिछडिएको समुदाय जिल्ला समन्वय समितिको शिफारिसपत्रलाई जनाउनेछ । उपर्युक्त बमोजिमका कागजात आवेदन फारमका साथ पेश नगर्ने परीक्षार्थीको कोटामा दावी लाग्ने छैन ।

१०) प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ ।

११) प्रवेश परीक्षाको माध्यम अंग्रेजी वा नेपाली दुबै हुन सक्नेछ । तर Creative Writing अंग्रेजी भाषामा मात्र लेख्नु पर्नेछ ।

१२) परीक्षार्थीहरुले उत्तर पुस्तिकामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक अन्य मसी वा सिसा कलम प्रयोग गरेको वा कुनै संकेत भएको उत्तरपुस्तिका परीक्षण गरिने छैन ।

१३) परीक्षार्थीहरुले आवेदन फाराम भर्नुपूर्व यो सूचना तथा आवेदन फाराममा उल्लेखित निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ ।

१४) म्याद नाघी आएको तथा रीत नपुगेको आवेदन फाराम माथि कुनै कारवाही गरिने छैन ।

१५) प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस संकाय एवं सम्बन्धित क्याम्पसहरुबाट प्राप्त गर्न सकिनेछ ।

१६) पाँच-वर्षे बी.ए.एल्एल्.बी.को कक्षा दिवा समूहमा पूर्णकालीन रुपमा सञ्चालन हुनेछ ।

१७) प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा परीक्षार्थीहरुले प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा दावी गरेको कोटा समेत खुल्ने गरी सम्पूर्ण परीक्षार्थीहरुको प्राप्तांक सहितको एउटै नामावली प्रकाशित गरिनेछ र सो को जानकारी भर्नाको प्रयोजनका लागि सम्बन्धित क्याम्पसहरुमा पठाईनेछ ।

१८) प्रवेश परीक्षामा न्यूनतम ३५% अंक प्राप्त गरेका परीक्षार्थीहरुले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पसमा तोकिएको मितिभित्र भर्नाको लागि सम्पर्क राख्नु पर्नेछ ।

१९) क्याम्पसहरुले प्राप्त हुन आएका आवेदन मध्येबाट भर्नाका लागि योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा न्यूनतम ३५% अंक प्राप्त गरेका सबै आवेदकहरुको नामावली प्रकाशित गरी सो को जानकारी भर्ना अगाडि नै तत्काल कानुन संकाय, डिनको कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ । यसरी योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा बराबर अंक ल्याउने विद्यार्थीहरुको योग्यताक्रम (Merit List) निम्नानुसार निर्धारण गर्नु पर्नेछः

क) कक्षा ११ र १२ मा प्राप्ताङ्कको औसत प्रतिशत

ख) कक्षा ११ र १२ को अंग्रेजी विषयमा प्राप्ताङ्कको औसत प्रतिशत

ग) एस.एल.सी. मा प्राप्त कूल प्रतिशत

घ) एस.एल.सी. मा अंग्रेजी विषयको प्रतिशत

२० ) सम्बन्धित क्याम्पसहरुले भर्नाका लागि तोकेको मितिभित्र सम्पर्कमा आएका योग्यताक्रम (Merit List) मा रहेका विद्यार्थीहरु मध्येबाट आफूले भर्ना गर्न पाउने जम्मा सिटसंख्या मध्ये ३५ जना विद्यार्थीहरुको एक/एक समूह कायम गरी प्रत्येक समूहका लागि खुला तर्फ २४ स्थानमा र निम्नलिखित वर्गका लागि छुट्याईएको ११ स्थानमा सम्वन्धित वर्गका परीक्षार्थीहरु बीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु पर्नेछ ।

वर्गीकृत् समूहमा भर्नाका लागि न्यूनतम ३५% अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

| | |
|---|---|
| क) विदेशी | २ (दुई) |
| ख) आदिवासी/जनजाति | २ (दुई) |
| ग) महिला | २ (दुई) |
| घ) मधेशी | २ (दुई) |
| ङ) दलित | १ (एक) |
| च) अपाङ्गता भएका व्यक्ति | १ (एक) |
| छ) पिछडिएको क्षेत्र | १ (एक) |
| **जम्मा** | **११ (एघार)** |

**नोटः** आदिवासी/जनजातिका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरणको अनुरुप टप टु बटमको आधारमा तथा मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसुचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिई भर्ना लिनु पर्नेछ ।

२१) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण अन्तिम भर्ना गरेको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२२) कुनै क्याम्पसले नियमानुसार योग्यतक्रम प्रकाशित नगरेको वा भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित योग्यतक्रम प्रकाशित गरेको वा भर्ना भए गरेको पुष्टी भएमा त्यस्तो योग्यतक्रम वा भर्ना स्वतः रद्द हुनेछ । यसरी नियम विपरित योग्यतक्रम प्रकाशित भएको भए सो सच्याई पुनः योग्यतक्रम प्रकाशित गर्न वा भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाका लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले फिर्ता गर्नु पर्नेछ ।

२३) प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा परीक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

२४) यो सूचना www.fol.edu.np तथा www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।

मिति : २०७२/०६/२१

प्रा.डा. ताराप्रसाद सापकोटा
डीन
कानून संकाय
डीनको कार्यालय, त्रि. वि.